# नरहरिनाथ गाउँपालिका
## कुमालगाउँ-कालिकोट
### कर्णाली प्रदेश, नेपाल
**प्रगति प्रतिवेदन**

**१० औं हिउँदे गाउँसभा -२०७८**

**प्रगती प्रतिवेदन**

**नरहरिनाथ गाउँपालिकाको १० औं गाउँसभामा उपस्थित गणतान्त्रिक व्यवस्था स्थापना पश्चात कर्णाली प्रदेस सरकारका प्रथम, तथा नि. वर्तमान मुख्यमन्त्री महेन्द्र बहादुर शाही ज्यू, गाउँसभा उपाध्यक्ष ज्यू, तथा गाउँसभा सदस्यज्यूहरु :-**

नरहरिनाथ गाउँपालिकाको यो १० औं हिउँदे गाउँसभामा आफ्नो प्रगती प्रतिवेदन यहाँहरु सामु प्रस्तुत गर्न अनुमति चाहान्छु ।

नेपाली जनताको सात दशक लामो उत्कृष्ट चाहाना अनुरुपको ऐतिहासिक संविधान २०७२ साल असोज ३ गते नेपालको संविधान जारी भए पश्चात नेपालको संवैधानिक विकासको क्रममा जनताले आफ्नो प्रतिनिधि मार्फत संविधान सभाबाट नेपालको संविधान २०७२ निर्माण गरी नेपाली जनताको आकांक्षा पुरा भैरहेको अवस्था छ ।
संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना पछि मुलुकमा स्थानिय तहको निर्वाचन पश्चात जनताको हक अधिकारलाई सुनिश्चितता गर्दै जनताले दिएको मतको कदर गर्दै विकास निर्माणका कामहरुलाई निरन्तरता दिँदै आज यस नरहरिनाथ गाउँपालिकाको महत्वपूर्ण १० औं हिउँदे गाउँसभामा उपस्थित गणतान्त्रिक व्यवस्था स्थापना पश्चात कर्णाली प्रदेस सरकारका प्रथम, नि. वर्तमान मुख्यमन्त्री तथा कर्णाली प्रदेस सभा सदस्य श्री महेन्द्र बहादुर शाही ज्यू, यस गाउँसभाका उपाध्यक्ष ज्यू गाउँसभा सदस्य ज्यूहरु, पत्रकार मित्रहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि, कर्मचारी मित्रका साथै सम्पूर्ण संघ संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यू, विभिन्न शाखाका प्रमुख तथा प्रतिनिधि ज्यूहरु यस गाउँपालिका अन्तर्गत १ देखि ९ वडाका वडा सचिव ज्यूहरु ।

यस नरहरिनाथ गाउँपालिकाले विकासको गतिलाई तिव्रता दिने क्रममा विभिन्न किसिमका बाधा अवरोध तथा चूनौतिहरुको सामना गर्दै विभिन्न ऐन तथा नीति, नियम र कार्यविधिहरु बनाउँदै विकास निर्माण मार्फत गाउँपालिकालाई समृद्धि तर्फ पुऱ्याउँन दिनरात नभनी हामी जनप्रतिनिधि लागिरहेका छौं । यस्तो संवेदनशिल अवस्थामा केही विकास विरोधी, संघियताका विरोधी संविधान प्रति आघात पुऱ्याउने तत्वहरुले उपलब्धीलाई नजरअन्दाज गरी भ्रामक कुराहरुलाई नै कु-प्रचारवाजी गरेर समाजलाई नै विखण्डित गर्ने कुचेष्टा गरि रहेको परिपेक्षमा हाम्रो उपलब्धीको रक्षा गर्दै सिमा समस्याको समिक्षा गरी यस नरहरिनाथ गाउँपीलिकाको समग्र विकासमा नयाँ गति दिन आज हामी यो १० औं हिउँदे गाउँसभा गरि रहँदा हामी गौरावान्ति भएका छौं । यस गौरवपूर्ण घडिसम्म आईपुग्दा स्थानिय सरकारले खेल्नु पर्ने भूमिका प्रति हामी जनप्रतिनिधि तथा कर्मचारी पूर्ण रुपमा जिम्मेवार रहेको कुरा समेत यहाँहरुलाई अवगत गराउँन चाहान्छौं ।

**आदरणीय गाउँसभा सदस्य ज्यूहरु,**

अब म स्थानीय तहको पहिलो जननिर्वाचित सरकारले सम्पादन गरेका समग्र प्रगतिको बारेमा यस नरहरिनाथ गाउँपालिकाको सम्मानित १० औं हिउँदे गाउँसभामा संक्षिप्त रुपमा प्रस्तुत गर्न गईरहेको छु ।
नेपालको संविधानले स्थानीय सरकारलाई योजना तथा बजेट तर्जुमा गर्ने कार्यान्वयन गर्ने, अनुगमन गर्ने स्वायत्व जिम्मेवारी प्रदान गरे अनुसार हाम्रो गाउँपालिकाले स्थानीय स्तरको विकासको लागि आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन प्रकृतिका विकासीय योजना बनाई लागु गर्ने प्रक्रियामा हामी अघि बढिरहेका छौं, हाम्रो गाउँपालिकामा सञ्चालन भईरहेका निम्नानुसारका कार्यक्रम तथा कार्यान्वयनको अवस्था बारे जानकारी गराउँन यहाँहरु सामु प्रस्तुत गर्न गईरहेको छु ।

**यस गाउँपालिकाले हालसम्म गरेका कामहरु यहाँसामु प्रस्तुत गर्न गईरहेको छु ।**

- लालिघाट देखि गाउँपालिकाको सदरमुकाम कुमालगाउँसम्म र नेवलपधेरादेखि यारपोर्टसम्म सडक निर्माण कार्य गरिएको छ । साथै चसुदेखि वडा नं. ५ को नुवादेव स्थानसम्म सडक निर्माण कार्य गरिएको छ ।

- खुलालुदेखि सग्रा, विश्वकुनादेखि थाडीमाडु र धारघरदेखि वडा नं. ९ सम्म सडक निर्माण कार्य गरिएको छ ।
- नरहरिनाथ गाउँपालिका भित्र खानेपानीको संकट व्यवस्थापन गर्नका लागि १ घर १ धारा अन्तर्गत हालसम्म ३००० हजार धाराहरु निर्माण गरिएका छन् भने यसका साथै अन्य सार्वजनिक स्थान देखि सामुदायिक स्थलमा खानेपानीका धाराहरु निर्माण गरिएका छन् ।
- यस गाउँपालिका सेवा क्षेत्रभित्रका खोलाहरुमा स्थानीय सरकारको निर्वाचान पूर्व ६ वटा झो.पु रहेका थिए भने हाल १२ वटा निर्माण कार्य गरि जम्मा १८ वटा झो.पु.हरुको निर्माण कार्य सम्पन्न तथा केही निर्माणधिन अवस्थामा रहेको व्यहोरा अवगत गराईन्छ ।
- गाउँपालिकाको भवनको निर्माण कार्य भईरहेको छ, र आगामि २०७९ साल अषाढसम्म यो गाउँपालिको भवनको निर्माण कार्य सम्पन्न गरिने छ ।
- प्रत्येक वडाका खेतीयोग्य जमिनमा सिंचाईका लागि सिंचाईतर्फ १ देखि ९ वडामा ३८ वटा सिँचाई कूलाहरु निर्माण भईसकेका र केही निर्माणाधिन अवस्थामा रहेका छन् ।
- नरहरिनाथ गाउँपालिकामा १५ शैयाको स्वास्थ्य भवनको डि.पि.आर.तयार गरी भवन शिलान्यास समेत भईसकेको छ । साथै उक्त भवनको निमार्ण कार्य अगाडि बढाउनका लागि पहल समेत गरिएको छ ।
- नरहरिनाथ गाउँपालिकामा ४ वटा स्वास्थ्य चौकी १ वटा प्रा.स्वा.के. रहेकोमा थप आधारभूत स्वास्थ्य ईकाई ४ र सामुदायिक स्वास्थ्य इकाइ ६ वटा भई जम्मा १५ वटा स्वास्थ्य कार्यालय स्थापना भएका र ९ वटामा भवन निर्माण कार्य भईरहेको व्यहोरा जानकारी गरिन्छ ।
- धाँचुखोला जलविद्युत आयोजनाको प्रि सर्भे, डि.पि.आर, डिइडी, टिआरसी पास भईसकेको र यसलाई तत्काल कार्यान्वयनमा ल्याउने तयारी भईरहेको छ ।
- उच्छवखोला जलविद्युत आयोजनाको विद्युत प्रसारण लाईन गाउँपालिकाको केन्द्रसम्म जडान भई विद्युत संचालनमा आईरहेको छ ।
- यस गाउँपालिकाको विशेष पहल तथा समन्वयमा कर्णाली करिडोर खुलालु पुलको निर्माण कार्य सम्पन्न भई पुल सञ्चालनमा समेत आईसेकेको व्यहोरा जानकारी गरिनुका साथै,सुनथराली यारपोर्टको घेरबार, सुरक्षाकर्मीको घर, टावर र कालोपत्रे गर्ने कार्य निरन्तर भईरकेको र सो कार्य यस आ.व.को अन्तिममा सम्पन्न हुने व्यहोरा समेत जानकारी गरिन्छ ।
- सुनथराली यारपोर्ट देखि खाँडाचक्र नगरपालिका जोड्ने केबुलकारको डिपिआर निर्मार्णाधिन अवस्थामा रहेको छ ।
- गाउँ/टोलहरुमा कन्क्रिट घो.बा. तथा खडैन्ची घो.वा.हरुको निरन्तर रुपमा निर्माण कार्य भईरहेका छन् ।
- यस गाउँपालिका भित्र धार्मिक मठ तथा मन्दिरहरुको निर्माण र संरक्षण कार्य सम्पन्न भईसकेका छन् ।
- रहदोभान खेल मैदानको निर्माण कार्य भईरहेको छ ।
- नरहरिनाथ गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारको लागि विभिन्न शिक्षक तालिम, गोष्ठि, शैक्षिक सामाग्री, बसाई व्यवस्थाप, पाठ्यक्रम निर्माण कार्य र भवन तथा शौचालन निर्माणका साथै अनुगमनको कार्यलाई अगाडि बढाईरहेको व्यहोरा यहाँहरु सामू जानकारी गरिन्छ ।
- आधारभूत तह १-८ को स्थानीय पाठ्यक्रम निमार्णाधिन अवस्थामा रहेको छ ।
- कर्णाली प्रदेसको पहिलो र नेपालको सातौं स्थानमा अनिवार्य तथा आधारभूत शिक्षा सुनिश्चितताका लागि हाम्रो गाउँपालिका घोषणा हुन सफल भएको छ ।
- २०७७ साउन १३ गतेको अविरल वर्षाका कारण पूर्ण रुपमा क्षति भएका विद्यालय भवन नयाँ स्थानमा सार्ने (विश्वकुना मा.वि. माझगोठि, नन्दादेवी आ.वि.खातिरुप्सा, जनकल्याण आ.वि. पनेरीखेतको) नयाँ भवन निर्माण कार्य सम्पन्न भईसकेका छन् । साथै केही भवन, शैचालय लगाएत अन्य शैक्षिक संस्थाहरु निर्माणधिन अवस्थामा रहेका छन् । विभिन्न विद्यालयमा भवन मर्मत घेरबार फर्निचर फिल्ड निर्माण भवन निर्माण भएका छन् ।
- यस गाउँपालिका अन्तर्गत वडा नं. ४,५ र ७ का जनताहरुको अविरल वर्षाका कारण जग्गा जमिन र घरहरु भत्केको हुँदा उक्त पहिरो पिडित घरपरिवारलाई बस्ती व्यवस्थापनको लागि नरहरिनाथ गाउँपालिकाको समन्वय र कर्णाली प्रदेस

सरकारको सहयोगका साथै कर्णाली प्रदेस सरकारका नि. वर्तमान मुख्यमन्त्री महेन्द्र बहादुर शाहीको विशेष सहयोगमा सुन्दरखालमा एकिकृत बस्ती व्यवस्थापन गरिएको छ । र हाल ५० घरधुरी निर्माण भईसकेका र बाँकी १०१ घरधुरी निर्माणाधिन अवस्थामा रहेका छन् ।

- वडाकार्यलयका भवन निर्माण कार्य गर्नका लागि केही वडा कार्यलयहरुले जग्गा खरिद गरिसकेको व्यहोरा समेत जानकारी गरिन्छ ।
- कृषि पकेट क्षेत्रको विस्तार गरि कृषकलाई विउविजन वितरण कार्य गरिएको छ ।
- पशु क्षेत्रमा विभिन्न लागत साझेदारीका कार्यक्रम सञ्चालनमा आउनुका साथै पशु आय आर्जन वृद्धि भएको बोयर जातका बोका र राँगाहरु वितरण गरिएका छन् ।
- यस नरहरिनाथ गाउँपालिकाले औषधि खरिद गरि निःशुल्क रुपमा जनतालाई औषधि उपलब्ध गराई स्वास्थ्य संस्थाहरु सुधार गरिएका छन् ।
- नरहरिनाथ गा.पा. कोटवाडा सुनथाराली देखि शान्नि त्रिवेणी गा.पा.ढोल्ने अन्तरपालिका जोड्ने सडक निर्माणधिन अवस्थामा छन् ।
- नरहरिनाथ गाउँपालिका रुप्सा, चसु र सान्नी त्रिवेणी गाउँपालिका/अन्तरपालिका जोड्ने सडक निर्माण भएको छ ।
- यस गाउँपालिकालाई उज्यालो गाउँपालिका घोषणा गर्नका लागि यस गाउँपालिकाका ४३९२ घरधुरीलाई सोलार वितरण गरि उज्यालो गाउँपालिका घोषणा गरिएको सबैलाई सर्वविदितै छ ।
- हाल विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) बाट बच्नको लागि यस गाउँपालिकाले क्वारेन्टीन तथा आइशोलेशन को व्यवस्था गरी कोभिड-१९ बाट सुरक्षित रहन सफल भएको छ । साथै सो समयमा विभिन्न किसिमका सरसफाई तथा राहतका सामाग्रीहरु वितरण गरिएको थियो ।
- २०७७ साल साउन १३ गते आएको अविरल वर्षाका कारण यो गाउँपालिकामा ठूलो धनजनको क्षति भएको कुरा सबैलाई सर्ववित्तिदै छ । सो को व्यवस्थापन गर्न संघ सरकार प्रदेश सरकार र स्थानीय सरकार लागि पर्यो र विभिन्न संघ संस्थासंग हातेमालो गर्दै बाढी पहिरो पिडित परिवारलाई राहत वितरण गर्ने काम गरियो ।
- अविरल वर्षाका कारण पूर्ण रुपमा घर भत्किएका व्यक्तिहरुको घर निर्माणका लागि सम्बन्धित ठाउँमा रकम माग गरि अगाडि बढाईएको छ ।
- वडा नं. ४ को गोठी, वडा नं. ९ को सितला, २ वडाको भैसाखाल, बडेमेला र वडा नं. १ को निलाखाको बस्ती स्थानान्तरणको लागि काम अगाडि बढाईएको छ । तर बस्ती नसरेकाले बस्ती स्थानान्तरणको रकम प्राप्त गर्न सकिएको छैन् ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्य गर्दा आउने समस्यालाई मध्यनजर गरि सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई बैकिंङ प्रणाली मार्फत भुक्तानी गर्ने कार्य सम्पन्न भईसकेको छ । यो आ.व. भित्र सम्पूर्ण व्यक्तिगत घटनाहरु पूर्ण रुपमा डिजिटाईजेशन गरिएको छ । (साथै हिँडन नसक्ने अवस्थाका व्यक्तिहरुको हकमा नीज व्यक्तिका हकवालाको नाममा नामसारी समेत गर्ने कार्यको पहल वडा कार्यालय मार्फत भईरहेको छ ।
- यस नरहरिनाथ गाउँपालिकामा हालसम्म खरले छाएका घरधुरीलाई खर मुक्त घर निर्माण गर्नका लागि उक्त प्रक्रिया अन्तिम चरणमा पुगेको सम्पूर्णमा अवगत गराईन्छ ।
- प्रत्येक वडामा (आरनको लागि) सुधारिएको चुलो वायोग्याँस प्रविधि जडान गर्ने काम सम्पन्न भएको कुरा यस सभा मार्फत सम्पुर्णमा जानकारी गराईन्छ ।
- यस गाउँपालिकाको आवधिक योजनाहरु निर्माण भईसकेका छन् ।
- गाउँपालिकाको प्रोफाइल निर्माण भईसकेको छ ।
- यस गाउँपालिको जलउपयोग गुरु योजना निर्माण गर्ने कार्य सम्पन्न भईसकेको छ ।
- यस गाउँपालिकाले ३९ वटा ऐन, कार्यविधि र निर्देशिकाहरु राजपत्रमा प्रकाशित गरि कार्यान्वयनमा ल्याईएको छ ।
- गाउँपालिकाको भिडियो डकुमेन्टी निर्माण भईसकेको छ ।

- यस गाउँपालिकाले वडा नं. ७ मा रहेको उच्छ्खोला जलविद्युत आयोजनाबाट ३० वाटको जलविद्युत उत्पादन गरि वडा नं. ७ र गाउँपालिकामा समेत उक्त विद्युत लाईन जडान भई विद्युत प्रसारण भईसकेको छ ।
- यस गाउँपालिका वडा नं. १, ६ र ९ वडाका वडा कार्यालयहरुका भवन निर्माण कार्य जारी रहेको छ ।
- गाउँपालिकाले आफ्नै स्वामित्वमा रेडियो सुनथराली एफएम स्थापना समेत गरिसकेको छ ।
- यस नरहरिनाथ गाउँपालिकाले पालिका भित्र रहेका सम्पूर्ण वडा कार्यालय, इप्रका, प्रा.स्वा.के र स्वास्थ चौकीका साथै मा.वि. विद्यालयहरुमा इन्टरनेटको व्यवस्था गरेको छ ।
- गाउँपालिकाले भौगोलिक विकटतालाई मध्यनजर गरि यस पालिकाभित्र रुपादेवी मा.वि. उच्छव र दिपेन्द्र मा.वि. सुन्दरखालमा थप २ वटा मा.वि.को स्थापना समेत गरेको छ ।

<u>**नरहरिनाथ गाउँपालिकामा DPR भएका ठाउँहरु :**</u>

- खुलालु, माल्कोट, रुप्सा चुनासम्मको सडकको **DPR** भएको छ ।
- खुलालु, विश्वकुना, पिपलरुख माल्कोट उच्छव रामारोशनसम्मको पर्यटकीय सडकको **DPR** भएको छ ।
- विश्वकुनादेखि वडा नं. ९ सम्म सडकको **DPR** भएको छ ।
- लालिघाट सुनथराली लामिछानीसम्म सडकको **DPR** भएको छ ।
- लालिघाट कोटवाडा गाउँपालिका हुँदै रुप्सा चुनासम्म **DPR** भईसकेको छ ।
- भैसेटेदेखि बाउसेरासम्मको सडक **DPR** भएको छ ।
- लिगुडेदेखि तल्ला गोठिसम्मको खानेपानीको **DPR** भईसकेको छ ।
- छेडादेखि गाउँपालिकासम्मको सडकको **DPR** भईसकेको छ ।
- गाउँपालिका भवनको **DPR** भईसकेको छ ।
- नरहरिनाथ गाउँपालिकाको आधारभूत अस्पताल कुमालगाउँ को **DPR** भईसकेको छ ।
- खुलालु देखि बल्दे हुँदै अयरेपातलसम्मको सडकको **DPR** भईसकेको छ ।
- थेप्चे चसु डाडादेखि रुप्सा नुवादेव स्थानसम्म सडकको **DPR** भईसकेको छ ।
- धाँचुखोला जलविद्युत आयोजनाको **DPR** प्रि सर्भे, टिआरसी र **DED** भैसकेको छ ।
- उपायाडाडा देखि भौतेखोला मुहान भडाराको मुहान (तुरीकुना) रुप्सा हुँदै कुमालगाउँ कोटवाडा धारी डिकेसम्मको खानेपानीको **DPR** सम्पन्न भईसकेको छ ।

**यस नरहरिनाथ गाउँपालिकामा विभिन्न संघ संस्थाहरुले यस पालिकामा समन्वय गरी विभिन्न प्रकारका सहयोग गरेको कुरा यहाँहरु सामु प्रस्तुत गर्न गईरहेको छु ।**

- विभिन्न संघ संस्थाले जनचेतनामूलक कार्याक्रम तथा कोरोना भाईरस (कोभिड-१९) तथा बाढी पहिरो प्रभावित ( पिडितहरुलाई) राहत सामाग्री वितरण गरी सहयोग गर्ने कार्य गरेको कुरा सबैलाई सर्वविदितै छ ।
- प्लान इन्टरनेश्नल नेपालले वडा नं. ८ स्थित श्री रुपादेवी आ.वि. बसन्तपुरको ४ कोठे भवन निर्माण कार्य गरिसकेको छ । साथै प्लान इन्टरनेश्नल नेपालले नै यस पालिकाका विभिन्न विद्यालयका ५ वटा शौचालय मर्मत र २ वटा निर्माण कार्य समेत सम्पन्न गरेको छ ।
- एम डि. आई नेपालले (विश्व खाद्य कार्यक्रम) यस गाउँपालिका वडा नं. ५ मा घो.वा. निर्माण वडा नं. ४ स्थित बाढी पहिरोबाट क्षतिग्रस्त भएको विश्वकुना मा.वि. को फिल्ड निर्माण र वडा नं. ३ को सिँचाई कुलो समेत निर्माण कार्य गरि यस पालिकाका ५०० घरधुरीहरुलाई रोजगारी दिईसकेको कुरा सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरुलाई यसै सभा मार्फत जानकारी गराउँन चाहान्छु । साथै यस गाउँपालिका स्थित १ देखि ९ वडाका

असहाय व्यक्तिहरुलाई एम. डि. आई. नेपालले आर्थिक सहयोग समेत गरेको कुरा सम्पूर्णमा अवगत गराँउन चाहान्छु ।

- आई. एन. एफ. नेपालले यस गाउँपालिकाका बाढी पिडित व्यक्तिहरुको घर निर्माणका लागि १३ घरधुरीलाई जस्तापाता (टिन) को व्यवस्था गरेको कुरा सम्पूर्ण सभा सदस्य ज्यूलाई जानकारी गरान चाहान्छु ।
- यस गाउँपालिका भित्र स्थानीय सरकारले समन्वय गरी हाल १३ वटा INGO र NGO सञ्चालनमा रहेका छन् ।
- आई.एन.एफ. नेपालद्धारा १ देखि ९ वडाहरुश्रमा जिविकोपार्जन तथा आयआर्जन मूलक कार्यहरु संचालनमा ल्याएको छ ।
- यस गाउँपालिकामा स्वासथ्यका लागि सक्षम प्रणालीले स्वास्थ्यकर्मी र स्वास्थ संस्थाहरुमा विभिन्न प्रकारका तालिम गोष्ठी लगाएत स्वास्थ्य क्षेत्रलाई गुणस्तर र प्रभावकारी रुपमा सेवा प्रवाहको लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गरेको जानकारी गरिन्छ ।
  जस्तैः स्वास्थ्यका लागि सक्षम प्रणाली, हुरुन्डेक नेपाल किर्डाक नेपाल, MDI नेपाल I.N.F. नेपाल नेपाल रेडक्रस सोसाइटी, सादा नेपाल, बहु-क्षेत्रीय पोषण कार्यक्रम, सेडा नेपाल भेडिसेफ नेपाल, हेल्भेटास, प्लान नेपाल र पानी परियोजना आदि ।

**नरहरिनाथ गाउँपालिकामा ठेक्काद्धारा सम्झौता भएका तपशिलका ठेक्काको नियमानुसार काम भईरहेको छ । र केही काम संचालनको लागि तयारी अवस्थामा छ ।**

- सुनथराली देखि वडा नं. ३ को शैनेखोलासम्म ठेक्काद्धारा नियमित रुपमा काम भईरहेको जानकारी गरिन्छ ।
- विश्वकुना मा.वि.को ठेक्का भई काम सुरु भईसकेको छ ।
- गोल्सी खानेपानीको ठेक्का भईसकेको छ ।
- वडा नं. ८ को तल्कोटदेखि रुप्सा चुनासम्मको सडकको ठेक्का सम्झौता भई काम सञ्चालनको तयारीमा छ ।
- वडा नं. ६ को मुलाखेत देखि रुप्सा चुनासम्मको सडकको ठेक्का सम्झौता भई कार्य सम्पन्न भईसकेको छ ।
- लाम्रीगाड, माल्कोट रामारोशन सम्म सडकको ठेक्का प्रक्रिया अगाडी बढेको छ ।
- गाउँपालिकामा औषधिको ठेक्का भई औषधि आउने प्रक्रिया भईरहेको छ ।
- नन्दा देवी मा.वि.कोटवाडा र मंगलासैनी मा.वि. खिरचौका लालुको ठेक्का सम्झौता भई कार्य सम्पन्न भईसकेको छ ।
- खोलाखर्क गानेचौर सिँचाई कुलाको ठेक्का भई काम सञ्चालन भएको छ ।
- जुकेमुहान थाडिमाडु सिंचाई कूलाको काम सम्पन्न भईसकेको छ ।
- महविसौनि देखि बाउसेरासम्मको सडक सुधारको काम सम्पन्न भएको छ ।
- यस गाउँपालिका वडा नं. २ अन्तर्गतको डाँडाखला र वडा नं. ७ को छान्ना स्थित नेपाल टेलिकमको टावर सूचारु भईसकेका छन् ।
- ओखडीखोला देखि गडिगाउँसम्मको सडकको ठेक्का प्रक्रिया अगाडि बढिरहेको छ ।
- बाउसेरा देखि गा.पा. सम्म सडक ग्राविल गर्न ठेक्का प्रक्रिया अगाडि बढेको छ ।
- सुनथराली कुमालगाउँ सडकको ठेक्का भईसकेको छ ।
- बाउसेरा देखि भैसेटेसम्मको सडकको ठेक्का भईसकेको छ ।
- शिशिरेखोला देखि अयरेपातलसम्म सिँचाई कुलाको ठेक्का भईसकेको छ ।

**नरहरिनाथ गाउँपालिकाले हालसम्म शिक्षा क्षेत्रमा गरेका तपसिल अनुसारका उपलब्धिहरु गरिएको छ ।**

**तपसिल**

आधारभूत तह शिक्षक अनुदान ९० जना

| | |
|---|---|
| मा.वि. तह शिक्षक अनुदान | १२ जना |
| कम्प्यूटर अपरेटर र शिक्षक अनुदान | ९ जना |
| ई.सि.डि. सहजकर्ता | १७ जना |
| **जम्मा** | **१२८ जना** |
| क्याम्पस भवन निर्माण | १ वटा |
| विद्यालय भवन निर्माण | ३८ वटा |
| विद्यालय घेरबार | ३४ वटा |
| विद्यालयमा शौचालय | २५ वटा |
| विद्यालयमा खानेपानी धारा | २२ वटा |
| विद्यालय फिल्ड र पर्खाल | २८ वटा |
| विज्ञान प्रयोगशाला | ७ वटा |
| पुस्तकालय | १० वटा |
| आईसीटी ल्याव | १४ वटा |
| विद्यालय छाना मर्मत | ६ वटा |

**नरहरिनाथ गाउँपालिकाले हालसम्म प्रशासन क्षेत्रमा गरेका तपसिल अनुसारका उपलब्धिहरु गरिएको छ ।**

**तपसिल**

- गा.पा. प्रशासन,प्राविधिक र विद्यालय का.स. गरि जम्मा ५८ जना कर्मचारीको व्यवस्था गरिएको छ ।

**नरहरिनाथ गाउँपालिकाले हालसम्म स्वास्थ्य क्षेत्रमा गरेका तपसिल अनुसारका उपलब्धिहरु गरिएको छ ।**

- गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा ४५ जना स्वास्थ कर्मीहरुको व्यवस्था गरिएको छ ।

**अन्त्यमा : गाउँसभा सदस्य ज्यूहरु,**

"नरहरिनाथ गाउँपालिका भित्रका अधुरा रहेका सबै योजना हाम्रो कार्याकालमा पुरा गर्ने काम गरिने छ । आवश्यकताको पहिंचान गरी नयाँ योजनाको निर्माण गरि काम अगाडि बढाईने छ, र यस पालिकाकाका जनताको चाहाना अनुरुप हामी अझै यस गाउँपालिकामा भौतिक तथा शैक्षिक लगाएत अन्य क्षेत्रमा परिष्कृत ढंगबाट अगाडि बढ्ने छौं । सुनथराली यरपोर्ट र खाडाचक्र नगरपालिका मान्म बजारसम्म केवुलकारको सर्वेको लागि प्रदेश सरकारसँग अनुरोध गरि उक्त केवलकारको सर्भे भई डिपिआरको अन्तिम तयारी भईरहेको छ । यस १० औं हिउँदे गाउँसभालाई उल्लेखनिय तथा ऐतिहासिक रुपमा सम्पन्नका लागि सम्पूर्ण गाउँसभा सदस्यज्यूहरुलाई हार्दिक अनुरोध गर्दछौं । साथै यो गाउँसभामा उठेका विषयलाई ख्याल गर्दै व्यवहारिक तथा सैद्धान्तिक बहसद्धारा निचोडमा पुऱ्याउन यहाँहरुको रचनात्मक सुझाव तथा सहयोगको अपेक्षा राख्दै हार्दिक आभार सहित सम्पूर्णमा कृतज्ञाता व्यक्त गर्न चाहान्छौं ।"

**-धन्यवाद ।**

| | |
|---|---|
| **मनशोभा बुढा** | **धीर बहादुर विष्ट** |
| **गाउँपालिका उपाध्यक्ष** | **गाउँपालिका अध्यक्ष** |